भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

प्रदेश नं१., झापा, नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ३ भद्रपुर, माघ २० गते, २०७६ साल, संख्या ६

**भाग २**

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको

## भद्रपुर नगर खेलकुद विकास निर्देशिका २०७६

*पारित मिति २०७६।०९।२४*
*प्रमाणिकरण मिति २०७६। १० ।२०*

## प्रस्तावना :

भद्रपुर नगर क्षेत्रभित्र रहेका यूवाहरुको खेलक्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी युवाहरुलाई मानसिक र शारीरिक रुपमा स्वस्थ्य वनाई खेलकुद विकास विस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परिपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय रुपमा देशको पहिचान गराउन गर्न वाञ्छनीय भएकोले भद्रपुर नगर कार्यपालिकाले नेपालको संविधानको धारा २२१ स्थानीय तथा सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिनमा रही यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ- यस निर्देशिकाको नाम **भद्रपुर नगर खेलकुद विकास निर्देशिका २०७६"** रहनेछ ।

२. यो निर्देशिका नगर कार्यपालिकावाट पारित तथा नगरसभाबाट अनुमोदन भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागु हुनेछ ।

३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"खेलकुद"** भन्नाले भद्रपुर नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

(ख) "**खेलाडी**" भन्नाले विभिन्न विधाका नगरका नगरस्तरीय, राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ ।

(ग) "**खेलकुद समिति"** भन्नाले यो निर्देशिका बमोजिम गठित भद्रपुर नगर खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

(घ) "**प्रोत्साहन**" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान र पुरस्कारलाई सम्झनु पर्दछ ।

ङ) "**युवा"** भन्नाले १६ वर्ष देखि ४० वर्ष उमेर समूहका युवालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

### भद्रपुर नगर खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**४. भद्रपुर नगर खेलकुद विकास समितिको गठनः**

(१) देहाय बमोजिम भद्रपुर नगर खेलकुद विकास समितिको गठन ९ देखि २५ सदस्यसम्मको हुनेछ :-

क) अध्यक्ष - नगर कार्यपालिका वोर्डले नगरसभाका सदस्य मध्येबाट तोकेको व्यक्ति १ जना

ख) उपाध्यक्ष -खेलकुद क्षेत्रको विज्ञहरु मध्येबाट नगरप्रमुखले तोकेको व्यक्ति १ जना

ग) सदस्य - खेलकुदका विभिन्न विधाबाट २२ जना

घ) सदस्य सचिव - शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तथा शाखा हेर्न तोकिएको कर्मचारी १ जना

(२) नगर खेलकुद विकास समितिको २५ सदस्यमा ३३ प्रतिशत अनिवार्यरुपमा महिला सहभागीता हुनेछ ।

**५ नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :**

(१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) नगरपालिकाले तोकेको बजेटको सीमाभित्र रही खेलकुद सञ्चालन, गर्ने

ख) बिभिन्न विधाका प्रतियोगितात्मक खेलकुदहरुको आयोजना गर्ने,

ग) अन्य पालिकाहरुले आयोजना गरेका वा सो भन्दा उच्चतहमा आयोजना गरिने खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा नगर क्षेत्रभित्रका खेलाडी, टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

ङ) भद्रपुर नगरपालिकाको संयोजनमा बिभिन्न विधाका खेलाडीहरुको पहिचान, सम्मान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च) खेलकुदको विकासका लागि प्रदेश वा संघीय सरकारसँग सम्पर्क गर्न नगरपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने,

छ) भद्रपुर नगरलाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

ज) खेलकुद विकासका लागि वार्षिक खेलकुद कार्ययोजना बनाई नगरपालिकको स्वीकृतिमा खेलकुद कार्यकम सञ्चालन गर्ने,

झ) नगरपालिकाले तोकेको खेलकुद विकास सम्बन्धि अन्य कार्य गर्ने ।

(२) नगर खेलकुद विकास समितिले आफ्नै छुट्टै कोषको व्यवस्था गरी संचालन गर्न पाउनेछ ।

**६) नगर खेलकुद विकास समितिका सदस्यहरुलाई हटाउन सकिने** :

**१)** खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा वा यस समितिको सिफारिसमा नगर कार्यपालिका बोर्डले त्यस्तो सदस्यलाई कुनै पनि बेला हटाउन सक्नेछ। हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ।

२) भद्रपुर नगरपालिकाको नीति निर्देशन तथा कार्यक्रमको अधिनमा रही नगर खेलकुद विकास समितिका पदाधिकारीहरुले कर्तव्यको पालना गर्नु अनिर्वाय हुनेछ।

**७) नगर खेलकुद विकास समितिको कार्यकाल** : खेलकुद समितिको कार्यकाल २ वर्षको हुनेछ। नगर कार्यपालिका बोर्डले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ।

**८) प्रतिवेदन पेश गर्ने**

१) सम्पन्न भई सकेका खेलकुद र बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी योजनाहरुको प्रतिवेदन नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) प्रतिवेदनमा आएका विषयहरुलाई नगरपालिकाले बुलेटिन मार्फत सार्वजनिक गर्नेछ।

३) नगर क्षेत्रका सम्पूर्ण खेलकुद तथा खेलाडीहरुको अभिलेख तयार गर्ने गराउने।

**९) खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन**

१) समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) खेलकुद सम्बन्धमा सम्पूर्ण काम र गतिबिधि गरिने कार्य यसै निर्देशिका बमोजिम गठित समितिले गर्नेछ। सो कार्यका लागि नगरपालिकाले आवश्यक बजेट व्यवस्था गर्नेछ।

**१०) खेलकुद संरक्षण समिति : खेलकुद संरक्षण समिति निम्नानुसार पाँच जना पदाधिकारीहरु रहेको हुनेछ र** खेलकुदको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी खेलकुद संरक्षण समितिका पदाधिकारीको हुनेछ।

| | | |
|---|---|---|
| संरक्षक- | नगर प्रमुख | एकजना |
| सदश्य - | नगर उप प्रमुख | एकजना |
| सदश्य - | प्रमुख प्रशासकीय अधिकृत | एकजना |
| सदस्य - | नगर कार्यपालिकाले तोकेको खेलकुद क्षेत्रका लव्धप्रतिष्ठित | दुईजना |

## परिच्छेद ३
## आचारसंहिता

११ आचारसंहिता :

११.१ खेल सम्बन्धी विषयका खेलाडी, समिति अध्यक्ष तथा सदस्य, कर्मचारी नगर कार्यपालिका , नगरसभा सदस्य तथा दर्शकले देहाय बमोजिमका आचारसंहिता पालना गर्नु पर्नेछ– :

११.१ खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

११.२ खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइनेछैन । तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरी गैरनेपाली टिमलाई मान्यता दिइनेछ ।

११.३ प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर, प्रशिक्षण कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

११.४ नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ । साथै खेलमा सहभागिता समेत गराइने छैन ।

११.५ खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिँ कतै विक्री वितरण, धरौटी राख्न वा उपहार दिन पाइने छैन । ,तर कुनै दर्तावाला क्लव विघठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन ।

११.६ कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन । संस्थाको अधिनमा रहनेछ ।

११.७ खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

११.८ खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउने तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

११.९ कुनै पनि खेलकुद प्रतियोगिता आयोजना गर्न नगर खेलकुद विकास समिति वा नगर पालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन । दातृ संस्था, सहयोगी, दानबिरबाट सहयोग संकलन गरी कोषमा जम्मा गर्न सकिनेछ ।

११.१० नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

११.११ यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सुचिकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछ ।

११.१२ कुनै पनि खेलको प्रतियोगिता आयोजनामा खेलसँग आबद्ध स्वीकृत खेल  नियम अनुसार गरिने छ ।

१२ सौजन्यता : दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगर खेलकुद विकास समितिको सिफारिमा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद ४
## दर्ता, नवीकरण र विघटन

१३. दर्ता र स्वीकृती

१३.१ नगर कार्यपालिकाभित्र गठित कुनै पनि संघ-संस्था, क्लव वा खेलकुदसँग सम्बन्धित संस्था नगरपालिकामा दर्ता वा सुचिकृत नियम अनुसार गर्नुपर्नेछ । खेलकुदसँग सम्बन्धित दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न नगरपालिकाले स्वीकृति दिने छैन ।

१३.२ संस्था दर्ता र विधान स्वीकृतीको लागि **अनुसूचि**-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ,

१३.३ संस्था दर्ता र विधान स्वीकृतिको लागि निबेदन पर्न आएमा नगरपालिकाले विधान स्वीकृत गरी  संस्था दर्ता गरी **अनुसूचि- २ को**  ढाँचामा प्रमाण पत्र दिनुपर्नेछ सोहि प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ ,

१३.४ यस अघि दर्ता भइसकेको संस्था भए नगरपालिकामा सुचिकृतको लागि **अनुसूची** -३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ

१३.५ सूचिकृत भएका संस्थाहरुलाई **अनुसुची -४** बमोजिम प्रमाणपत्र दिईनेछ ।

१३.६ दर्ता वा सुचिकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसुचि ५ **बमोजिम**को ढाँचामा हुनुपर्ने ,

१३.७. नगरपालिकामा दर्ता वा सुचिकृत गर्दा आवेदन फारम शूल्क रु. ५००।- (पाँच सय -
लाग्नेछ ।

१३.८. प्रत्येक वर्षको असोज मसान्त भित्र सवै दर्तावाल वा सूचिकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

**१४ जरिवाना -**

१) दर्ताभएका खेलकुदसम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ :

| | | |
|---|---|---|
| १४.१ | प्रत्येक असोज मसान्त पछि एक वर्ष सम्म नवीकरण नगरेमा | रु १०००/– |
| १४.२ | दुई वर्ष सम्म नवीकरण नगरेमा | रु ३०००/– |
| १४.३ | तीन वर्ष सम्म नवीकरण नगरेमा | रु ५०००/- |

१५ तीन वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ। यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन।

१६. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ। तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असुल उपर गर्न सक्नेछ।

१७. संस्थाको विघटनः दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्

१७.१ संस्थाका दुईतिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा

१७.२ लगाातार तीन वर्षसम्म संस्था नवीकरण नगरेमा,

१७.३ संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

१७.४ प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा।

१८. विघठित संस्थाको सम्पत्ति : विगठीत भएको संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ।

१९. खारेजी र बचाऊ : यस अघि प्रचलित खेलकुद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ। यस अघि भएका खेलकुदका गतिविधीहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

२०. यस निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइ परेमा नगरकार्यपालिकाको बैठकबाट निर्णय भएबमोजिम हुनेछ।

( दफा १३ को उपदफा २संग सम्बन्धित)
अनुसूची १

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
भद्रपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,

विषय : संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरिदिनु अनुरोध छ ।

संस्थाको नाम :...........................................................................

संस्थाको कार्यालय रहने स्थान :.........................................................

भद्रपुर नगरपालिका वार्ड नं.... .........., टोलको नाम.....................................................
संस्थाको सम्पर्क नं इमेल
वा अन्य भए ............................................

सचिव
नाम
मिति

अध्यक्ष
नाम
मिति

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) संस्थाको छापको नमूना

(दफा १३ को उपदफा ३ संग सम्बन्धित)
अनुसूची २

द. न.                                                                                                    मितिः
भद्रपुर नगरपालिका कार्यालय,
नगर कार्यपालिकाको कार्यालय ,
भद्रपुर, झापा

# संस्था दर्ताको प्रमाणपत्र

संस्थाको नामः...........................................................

ठेगानाः...........................................................

भद्रपुर नगर खेलकुद संचालन निर्देशिका २०७६ बमोजिम नगर क्षेत्रमा खेलकुद विकासका गतिविधि संचालन गर्न यो संस्था दताको प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| क.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सह र न.पा. को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(दफा १३ को उपदफा ४ संग सम्बन्धित)
अनुसूची ३

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मिति
भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । नगरपालिकाको नियमानुसार संस्था सुचिकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिनुहुन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु :
क) दर्ता प्रमाणपत्र
ख) गत वर्षको लेखा परीक्षण प्रतिवेदन
ग) कर चुक्ता प्रमाणपत्र
घ) समितिको निर्णय
ङ) संस्थाले सन्चालन गरेका कार्यक्रमहरु

सचिव                                        अध्यक्ष

( दफा १३ को उपदफा ५संग सम्बन्धित)
अनुसूची ४

भद्रपुर नगरपालिका कार्यालय
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा

**संस्था सुचिकृत प्रमाणपत्र**

संस्थाको नाम :.....................................................

ठेगाना :.........................................................

नवीकरण हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य
संख्या :
नवीकरण हुँदाको समयमा रहनु भएको अध्यक्षको नाम :

माथि उल्ललेखित विवरण भएको संस्था सुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएकोछ । भद्रपुर नगर खेलकुद बिकास निर्देशिकाको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

( दफा १३ को उपदफा ६संग सम्बन्धित)

अनुसूची ५

भद्रपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा

विषय : संस्था नवीकरण गरी पाउँ ।

..........................................................................................नामक संस्था यस नगरपालिकामा

दर्ता/सुचिकृत भई खेलकुदन्धी सम्बन्धि गतिविधीहरु संचालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज

पत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु /छौं ।

अत : आर्थिक बर्ष.................कोंस्थास नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छु ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :
क) आर्थिकवर्ष ...................को लेखापरीक्षण प्रतिवेदन
ख) संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट

____________________

निबेदक

आज्ञाले
तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रसाशकिय अधिकृत